नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
संस्कृति महाशाखा
सिंहदरबार, काठमाडौं ।

# महाकवि लक्ष्मीप्रसाद देवकोटा पुरस्कार, २०७९ सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०७९/०६/२४

यस मन्त्रालयको चालु आ.व. २०७९/८० को स्वीकृत कार्यक्रममा महाकवि लक्ष्मीप्रसाद देवकोटा पुरस्कार, २०७९ समर्पण गर्ने कार्यक्रम रहेको छ । उक्त कार्यक्रम संचालन गर्न महाकवि लक्ष्मीप्रसाद देवकोटा पुरस्कार सम्बन्धी मापदण्ड तथा कार्यविधिको दफा-४ मा व्यवस्था भए अनुसार देहायका विषयक्षेत्रमा तोकिएको योगदान पुर्‍याएका व्यक्ति वा संस्थाहरुबाट तोकिए बमोजिमका कागजातहरु संलग्न राखी सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र आवेदन/सिफारिस पेश गर्न यो सूचना प्रकाशन गरिएको छ । पुरस्कार सम्बन्धी कार्यविधि यस मन्त्रालयको Website:www.tourism.gov.np मा राखिएको छ ।

१. **पुरस्कारको विषयक्षेत्र**

(क) **कविता:** स्फुट कविता र प्रवन्ध काव्यका साथै लामो कविता, गीत, गजल आदि छन्दोवद्ध र छन्दमुक्त पद्य रचना

(ख) **निवन्ध:** ललित भावात्मक निवन्ध, प्राज्ञिक विश्लेषणात्मक तथा अनुसन्धानमूलक समालोचना, वस्तुगत र तार्किक लेख, नियात्रा, संस्मरण, आत्मकथा, अन्तर्वार्ता, निवार्ता, आत्मलाप, वार्तालाप आदि ।

(ग) **गद्यआख्यान/नाटक:** कथा, उपन्यास, लघुनाटक र नाटक ।

(घ) **बालसाहित्य/लोकसाहित्य:** बालबालिकाहरुका निम्ति उपयोगी कविता, नाटक, आख्यान, निवन्ध, जीवनी, आत्मकथा, नियात्रा र संस्मरणका साथै तिनको अनुसन्धान समेत ।

(ङ) **भाषा साहित्यसेवा:** नेपाली लगायत नेपालका भाषाहरु र तिनका साहित्यको संरक्षण तथा सम्वर्द्धनका निम्ति सेवारत व्यक्ति तथा संस्थाद्वारा गरिएका सिर्जनात्मक एवं बौद्धिक, प्राज्ञिक, अनुसन्धानमूलक कार्य, अनुवाद तथा साहित्यिक पत्रकारिता ।

२. **आवेदन दिंदा वा सिफारिस गर्दा संलग्न राख्नुपर्ने विवरण र कागजातहरु**

(क) व्यक्ति/संस्थाको विवरण: नाम/थर, आमा/बुवाको नाम, विवाहित भए पति/पत्निको नाम, थर

(ख) सम्पर्क ठेगाना, इमेल, मोवाइल नम्बर

(ग) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

(घ) पासपोर्ट साइजको दुई प्रति फोटो

(ङ) स्थायी लेखा (PAN) नम्बर

(च) प्रकाशित उत्कृष्ट कृतिहरुको विवरण (एक प्रति कृति सम्भव भएसम्म)

(छ) प्रकाशित कृतिहरु नभए अन्य प्रकाशन,कागजातहरु भए सो समेत

**द्रष्टव्य:** पुरस्कारका लागि प्राप्त हुने सिफारिस वा विवरणपत्र चयन समितिको जानकारीको प्रयोजनको लागि सिमित रहनेछ । सिफारिस वा विवरणपत्र बाहेक पुरस्कार चयन समितिले योगदानको आधारमा समेत मूल्याकंन गर्न सक्नेछ ।

**आवेदन/सिफारिस पठाउने ठेगाना**
**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**
**संस्कृति महाशाखा,**
**सिंहदरबार, काठमाडौं**
**फोन नं.: ०१४२११९०९ र ०१४२११५९६**

CamScanner